गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की
गण्डकी प्रदेश, पोखरा ।

## प्रयोगात्मक परीक्षामा प्रयोग गरिने सवारी साधन उपलब्ध गराउनको लागी सूचीकृत हुने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०४/०९ गते शुक्रबार

यस कार्यालयवाट सञ्चालन हुने सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा प्रयोग हुने बर्ग A, B, E, F, र K का सवारी साधनहरु उपलब्ध गराउनको लागि सेवाग्राहीबाटै सेवा शुल्क लिने गरी कार्य सम्पादन गर्नुपर्ने भएकोले सो सम्बन्धी काम गर्न इच्छुक मान्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्था सूचीकृत हुनको लागि तपशिलका शर्तहरुको अधिनमा रही तपशिल अनुसार सेवा शुल्क लिने गरी प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### संलग्न गर्नुपर्ने कागजातहरु

१. प्रयोगात्मक परीक्षामा प्रयोग हुने बर्ग A, B, E, F, र K का सवारी साधनको अद्यावधिक ब्ल्यू बुक र म्याद कायम रहेको तेस्रो पक्ष बीमा निवेदन साथ पेश गर्नुपर्नेछ। सवारी साधन भाडामा लिएको भए प्रचलित कानून बमोजिम सम्झौता गरेको कागजात समेत निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रयोगात्मक परीक्षामा परीक्षार्थीहरुले सवारी साधन प्रयोग गरे वापत A, B, E, F, र K सेवाग्राहीसँग तपशिल अनुसार सेवा शुल्क लिने प्रतिबद्धतापत्र निवेदनसाथ संलग्न गर्नुपर्ने छ।

**तपशिल :**

| क्र.स. | बर्ग | सेवा शुल्क | कैफियत |
|---|---|---|---|
| १ | A (मोटरसाइकल) | नि:शुल्क | यस अगाडि नि:शुल्क रहेको । |
| २ | K (स्कुटर) | नि:शुल्क | यस अगाडि नि:शुल्क रहेको । |
| ३ | B (कार) | ३०।०० | यी दररेट हाल सञ्चालनमा रहेका सेवा शुल्कको आधारमा नबढ्ने गरी तोकिएको । |
| ४ | E (ट्याक्टर) | १२५।०० | |
| ५ | F (मिनिबस) | १७५।०० | |

३. सूचीकृत हुनको लागि निवेदन सहित व्यक्ति, फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्रको (नवीकरण सहित) प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कुनै कारणले अयोग्य नभएको लिखित स्वःघोषणापत्र सहित रु.१०/-(अक्षेरुपी दश रुपैयाँ) को टिकट टाँस गरी कार्यालयमा पेश गर्नुपर्नेछ।

### शर्तहरु

१. सूचीकृत हुने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधनहरुको लागि आवश्यक पर्ने इन्धन, सवारी चालक (स.चा.अ.प. को प्रमाणीत प्रतिलिपि सहित), सहयोगी कर्मचारीको व्यवस्था तथा सवारी साधन मर्मत सम्भार गरी ठिक अवस्थामा राख्नुपर्नेछ।

२. प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधनको अबस्थाको परीक्षण कार्यालयले तोकेको कार्यालयका प्राविधिक कर्मचारीबाट हुनेछ र सवारी परीक्षण गर्दा उपयुक्त देखिएका सवारी साधन मात्र प्रयोगात्मक परीक्षामा प्रयोग गरिने छ।परीक्षण गर्दा सवारी साधन अनुपयुक्त देखिएमा सोको सट्टामा मापदण्ड अनुसारका अर्को सवारी साधन उपलब्ध गराउनु पर्नेछ। बर्ग A, K र B सवारी साधनको

स्पेसिफिकेसन/मोडलको हकमा सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को दफा १४ को उपदफा (३) र (४) बमोजिम र बर्ग E र F, सवारी साधनको स्पेसिफिकेसन/मोडलको हकमा यातायात व्यवस्था विभागको मापदण्ड अनुसारको सवारी साधन हुनुपर्नेछ।

३. सूचीकृत हुने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कार्यालयले तोकेको समय, स्थान र दिनमा सवारी साधन उपलब्ध गराउनुपर्नेछ। कार्यालयको निर्देशन अनुसार सवारी साधन उपलब्ध नगराएको खण्डमा जुनसुकै समयमा सूचीबाट हटाइनेछ।

४. प्रयोगात्मक परीक्षामा परीक्षार्थी/आवेदकले मापदण्ड पुगेको भएमा आफ्नै सवारी साधन, सवारी दर्ता किताब (ब्ल्यू बुक) र म्याद कायम रहेको तेस्रो पक्ष बीमा सहित उपस्थित भई सोही साधनबाट प्रयोगात्मक परीक्षा दिन चाहेमा सोही साधनबाट प्रयोगात्मक परीक्षा दिन पाउने छन् ।त्यस्ता परीक्षार्थीबाट कुनै सेवा शुल्क लिन पाइने छैन ।

५. प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधन उत्पादन भएको मितिले ५ वर्ष भित्रको हुनुपर्नेछ।

६. सूचीकृत हुन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले माथि उल्लेखित वर्ग A, B, E, F, र K को प्रयोगात्मक परीक्षा हुने दिनमा तत् तत् वर्गको कम्तिमा एक/एक वटा सवारी साधन उपलब्ध गराउनु पर्नेछ ।

७. प्रयोगात्मक परीक्षामा सहभागी हुने सवारी चालक तथा अन्य सहयोगी कर्मचारीहरुलाई अनिवार्य रुपमा परिचयपत्रको व्यवस्था गर्नुपर्नेछ।

८. सूचीकृत हुने व्यक्ति, फर्म, कम्पनी वा संस्था धेरै भएमा चक्रिय प्रणालीवाट सवारी साधनको माग गरिनेछ ।

९. सूचीकृत व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कार्यालयको चल अचल सम्पत्ति हानी/नोक्सान वा हिनामिना गरेमा सोको क्षतिपुर्ति वा हानी नोक्सानीको बिगो कार्यालयलाई दिनुपर्नेछ ।

१०. सूचीकृत हुने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको सेवा कार्यालयलाई आवश्यक नपरेमा वा सेवा सन्तोषजनक नदेखिएमा वा प्रतिकूल हुने कार्य गरेमा वा पेश गरेका कागजातहरुमा कुनै कैफियत फेला परेमा कार्यालयले जुनसुकै बेला सूचीबाट हटाउन सक्नेछ।

११. अन्य कुरा बुझ्नु परेमा कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको फोन नं. ०६१-४६४१११, मोबाइल नं. ९८५६०१८३३५/९८५६०३८३३५ र यस कार्यालयको email id : tmolkaski@gandaki.gov.np मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

कार्यालय प्रमुख